स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फिल्म 'फेरि रेशम फिलिली'को नयाँ गीत 'कैले घाममा कैले छायाँमा' सार्वजनिक गरिएको छ । फिल्म प्रदर्शनको चौथो दिन सार्वजनिक गरिएको गीतमा कल्याण सिंहको संगीत, हर्क साउदको शब्द रचना तथा सुगम पोखरेलको पार्श्व गायन छ । कथा खुल्ने डरले निर्माण टिमले यो गीत फिल्म रिलिजअघि सार्वजनिक नगरेको हो । गीतको भिडियोमा फिल्मका कलाकारहरु विनय श्रेष्ठ, सुपुष्पा भट्ट, कामेश्वर चौरासिया, महेश त्रिपाठी र प्रकाश दाहाल प्रस्तुत छन् । सुपुष्पाप्रति विनयको प्रेमभावलाई गीतमा देखाइएको छ ।

आजको विचार...



तानसेनको... (दुई पेजमा)

श्री प्रसाद देवकोटा



'कबड्डी' जोडी दयाहाङ राई र विजय बराललाई मुख्य भूमिकामा लिएर बन्न लागेको फिल्म 'वरिष्ठ बलराम'को शुभ मुहूर्त गरिएको छ । काठमाडौंको बुढानीलकण्ठ मन्दिरमा मुहूर्त पूजा गरेपछि फिल्मको टिम छायांकनका लागि तराई प्रस्थान गरेको छ । फिल्मको छायांकन चितवन र हेटौंडासहित तराईका विभिन्न जिल्लामा गरिने निर्देशक सुरेन्द्र पौडेलले जानकारी दिए । यसमा दयाहाङ र विजयसँगै पशुपति राई, गौमाया गुरुङ, समृद्धि अर्याल, माओत्से गुरुङ, प्रदीप चौधरी, रामबाबु रेग्मी लगायतको अभिनय रहनेछ ।

❒ वर्ष ३० ❒ अंक २१८ ❒ २०८१ फागुन १९ गते सोमबार 3 March 2025, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# रोकिएन दुखद् घटनाको शृंखला

## छुट्टाछुट्टै घटनामा एकै दिन पाँच जनाको मृत्यु

हाम्रा संवाददाता

**पाल्पा,** फागुन १८/नेपालमा दिनहुँ जसो दुखद् घटना हुने गरिहेका छन् । सवारी साधन दुर्घटना होस् वा प्राकृतिक प्रकोप, बेवारिसे अवस्थामै किन नहोस् हरेक दिन दुखद् घटनाहरु घटिरहेका हुन्छन् ।

प्रहरी प्रधान कार्यालयबाट सार्वजनिक गरिने बुलेटीनमा दिनहुँ दुखद् घटनाबाट मानिसले अकालमै ज्यान गुमाएको पाइन्छ । नागरिकले सवारी दुर्घटनाबाट बढी ज्यान गुमाउने गरेका छन् । दुर्घटना अचानक हुने घटना हो जसले गर्दा कसैले रोक्न सक्दैन तर सावधानीले कमी गराउन भने सकिन्छ । सचेतताका कारण लापरबाहीबाट हुने दुर्घटना हुँदैनन् वा कम हुन्छन् । मानिसको जीवनसँगको सवाल भएकाले यातायातका क्षेत्रमा उच्च सतर्कताको आवश्यकता छ तर हाम्रोमा भने लापरवाही हुने गरेको छ । जसले गर्दा दुर्घटना पटक-पटक दोहोरिने गरेका छन् । यातायात क्षेत्रमा कडाइ नगरिनाले पनि यस्तो हुने गरेको हो । आइतबार केन्द्रीय प्रहरी समाचार कक्षले




सार्वजनिक गरेको बुलेटीनका अनुसार एकै दिन ५ जनाले सवारी दुर्घटना र डुवेर ज्यान गुमाएका छन् । देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनाबाट ३ जना र डुवेर २ जनाको ज्यान गएको हो ।

रूपन्देहीको मायादेवी गाउँपालिका-७ बनगाईस्थित सडकमा मोटरसाइकललाई पिकअपले ठक्कर दिँदा एक जनाको मृत्यु भएको छ । लु.३२ प ८७३१ नम्बरको मोटरसाइकललाई लु.१ ज ४४६२ नम्बरको पिकअपले ठक्कर दिँदा मोटरसाइकल चालक कोटहीमाई गाउँपालिका-७ परसहवा बस्ने ३० वर्षीय दिलिप कुमार नाउको मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको भीम अस्पताल भैरहवामा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार १ जनाको मेडिकल कलेज भैरहवामा उपचार भइरहेको छ । पिकअप चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

यस्तै कपिलवस्तुको विजयनगर गाउँपालिका-१ नेउलागंजस्थित सडकमा मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । नेउलागंजबाट गुगौलीतर्फ जाँदै गरेको लु.९ प ३७७० नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा चालक सोही गाउँपालिका-१ गोबराह बस्ने ४० वर्षीय जनम बहादुर चौधरीको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको आधारभुत स्वास्थ्य अस्पताल चन्द्रौटामा उपचारको क्रममा मृत्यु भएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । साथै दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार १ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ । यस्तै भक्तपुरको सुर्यविनायक नगरपालिका-८ जगाती पुल नजिकै सडकमा मोटरसाइकलको ठक्करबाट पैदलयात्रीको मृत्यु भएको छ । जगातीबाट साँगातर्फ जाँदै गरेको बा.४१ प ३३४ नम्बरको मोटरसाइकलको ठक्करबाट पैदलयात्री भक्तपुर नगरपालिका-७ गोलमढी बस्ने ७० वर्षीया तुलसीमाया तुसीबाखको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएकी उनको सूर्यविनायक नगर अस्पतालमा उपचारको क्रममा मृत्यु भएको जनाइएको छ । साथै मोटरसाइकलको ठक्करबाट घाइते भएका अन्य ३ जनाको मध्यपुर अस्पताल थिमीमा उपचार भइरहेको छ । मोटरसाइकल चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

यस्तै डुवेर दुई जनाको मृत्यु भएको छ । कपिलवस्तुको कृष्णनगर नगरपालिका-१ शिवानगरस्थित सार्वजनिक माछा पोखरीमा डुबेर २२ वर्षीय पुरूषको मृत्यु भएको छ । मृतक हाल नाम, थर खुल्न नसकेको जनाइएको छ । यस्तै धनुषाको जनकपुरधाम उपमहानगरपालिका-१६ कपिलेश्वरस्थित घुरन पोखरीमा डुबेर सर्लाही ब्रहम्पुरी गाउँपालिका-२ घर भएका १७ वर्षीय शुभम कुमार साहको मृत्यु भएको छ ।

## संक्षिप्त समाचार

### कार दुर्घटनामा ७ जनाको मृत्यु



(रासस/सिन्हुवा)

**याङ्गुन,** फागुन १८ /पूर्वी म्यानमाको शान राज्यमा ३० भन्दा बढी यात्रु बोकेको यात्रुवाहक बस खाल्डोमा खस्दा सात जनाको मृत्यु हुनुका साथै २५ जना घाइते भएको म्यानमाको अग्नि सेवा विभागले जनाएको छ । दुर्घटना शनिबार राति करिब स्थानीय समय अनुसार ८ बजे भएको हो ।

एक स्थानीय प्रहरी अधिकारीले आइतबार बसले नियन्त्रण गुमाएपछि दुर्घटना भएको बताए । उनका अनुसार घाइतेमध्ये पाँच पुरुष र दुई महिलाको घटनास्थलमै मृत्यु भएको छ । उद्धारकर्मीहरुले घाइतेहरुलाई स्थानीय अस्पतालमा भर्ना गरेको हो । दुर्घटनाको कारणबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## एनजेडीकर्मी पोखरेल बने प्रेस चौतारी लुम्बिनीको सचिव

**पाल्पा,** फागुन १८/नवजनचेतना राष्ट्रिय दैनिक (एनजेडी) र शितलपाटी डटकमका पाल्पा संवाददाता कृष्ण पोखरेल प्रेस चौतारी नेपाल लुम्बिनी प्रदेशको सचिवमा निर्विरोध निर्वाचित भएका छन् । चौतारी लुम्बिनी प्रदेशको देउखुरीमा भएको दोस्रो अधिवेशनले पाल्पाका क्रियाशिल पत्रकार पोखरेलाई सचिवमा निर्विरोध निर्वाचित गरेको हो ।

सचिव बनेका पोखरेल विगत दुई दशक लामो समयदेखि तानसेनमा रहेर पत्रकारिता गर्दै आएका छन् । अहिले उनी नवजनचेतना दैनिकसँगै विभिन्न राष्ट्रिय दैनिक पत्रिका, टेलिभिजन र अनलाइनहरुमा समेत सक्रिय छन् । पाल्पाको रैनादेवी छहरा गाउँपालिका -३ भुवनपोखरी स्थायी घर भएका पोखरेल विगत डेढ दशकदेखि नवजनचेतना राष्ट्रिय दैनिकमा संवाददाताको रुपमा काम गर्दै आएका हुन् । उनी नेपाल पत्रकार महासंघ पाल्पाको अघिल्लो अधिवेशनमा कार्यसमिति सदस्यमा भारी मतले विजयी समेत भएका थिए । अहिले पोखरेल महासंघको प्रदेश परिषद् सदस्य हुन् । उनले प्रेस चौतारी नेपाल पाल्पा र महासंघको जिम्मेवारीमा



हुँदा संगठन र पत्रकारहरुको पक्षमा निरन्तर आफुलाई समर्पित गर्दै आएको पाइन्छ । पोखरेल आवाजबिहिनहरुको आवाजलाई कलमको माध्यमबाट उजागर गर्नेदेखि अनियमिता, भ्रष्टाचार, सामाजिक विकृती बिसंगतिका बिरुद्ध सक्रिय रुपमा खबरदारी गर्ने र संगठनमा रहँदा इमान्दारितापूर्वक सक्रिय भूमिका खेल्दै आएकै कारण प्रेस चौतारी लुम्बिनी प्रदेशको सचिव बन्न सफल भएका हुन् । उनी सचिवमा चयन भएसँगै एनजेडीसँगको कुरानीमा संगठनले दिएको जिम्मेवारी कुसलतापूर्ण निर्वाह गर्दै संगठन र पत्रकारिता क्षेत्रको विकासमा आफुलाई समर्पित गर्ने बताएका छन् ।

पोखरेलसँगै पाल्पाबाट अर्को पत्रकार उत्तरदायित्व डटकमका कार्यकारी सम्पादक नवराज ज्ञवाली पनि प्रदेश सदस्यमा निर्विरोध निर्वाचित भएका छन् । उनी पनि लामो समय जिल्लामा रहेर पत्रकारिता क्षेत्रलाई निरन्तर अगाडि बढाउँदै आएका छन् ।

अधिवेशनले प्रदेश अध्यक्षमा शोभाकर पन्थीलाई पुनः निर्विरोध निर्वाचित गरेको छ । उपाध्यक्षमा दशरथ घिमिरे, महासचिवमा हरि अधिकारी, बेणीमाधव बस्याल, माधव कँडेल, जनक चौधरी, दीपक न्यौपाने, नीता चौधरी र कोषाध्यक्षमा विनोद भट्टराई निर्विरोध निर्वाचित भएका छन् । सदस्यहरूमा नवराज शर्मा, वासुदेव न्यौपाने, शान्ता खनाल, रामबहादुर गन्धर्व, अजय बर्मा, यमकुमारी सुवेदी, मनिस पन्थ, अजम्द खलि सिद्दिकी, जयपति ढकाल, ज्ञानेन्द्र पोखरेल, लोकप्रसाद छन्त्याल, स्नेहा केसी, अराज बेलबासे, कमल विष्ट, माधव बेलबासे, गीताराम विष्ट, कुशल बस्याल, मरोज सल्मानी, ओरीराम चौरासिया, प्रमोद अर्याल, कृष्णराज पाण्डे, मित्र थापा, मोहन पौडेल, रवीन्द्र गुप्ता, सुमित्रा बराल र शशी पन्थी रहेका छन् ।

अपाङ्गताका आधारमा हुने विभेदको अन्त्य गरौं

- अपाङ्गता भएका व्यक्तिको मानवअधिकार सुनिश्चित गरौं,
- अपाङ्गताको आधारमा गरिने भेदभाव सार्वजनिक अपराध हो, यस्ता भेदभावको अन्त्य गरौं ।
- सार्वजनिक निकायका पूर्वाधार र सेवा प्रवाह अपाङ्गमैत्री बनाऔं,
- सार्वजनिक विद्युतीय सूचना प्रणाली र सञ्चारलाई अपाङ्गतामैत्री बनाऔं,
- अपाङ्गताको आधारमा गरिने हरेक विभेद विरुद्ध खुलेर बोल्ने गरौं ।



नेपाल सरकार

विज्ञापन बोर्ड

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## वन्यजन्तु दिवसको सार्थकता

**मार्च-३ अर्थात् आज विश्व वन्यजन्तु दिवस । वन्यजन्तु संरक्षण सम्बन्धी विभिन्न कार्यक्रम गरी नेपालसहित विश्वभर यो दिवस मनाउन लागिएको छ । संयुक्त राष्ट्रसंघको ६८ औं महासभाले विश्वमा वन्यजन्तु संरक्षण र यसको महत्व दर्शाउने उद्देश्यले हरेक वर्षको मार्च ३ लाई विश्व वन्यजन्तु संरक्षण दिवसका रुपमा मनाउने निर्णय गरेको हो । सन् २०१३ देखि यो दिवस मनाउन थालिएको पाइन्छ । संसारैभर जनावर, प्राकृतिक सम्पदा र मान्छेको सभ्यताको परनिर्भरता झल्काउन यो दिवस मनाउने गरिएको हो । यो संसार सबै प्राणीको एक साझा घर हो भन्ने चेतना यो दिवसले फैलाउने गर्दछ । तर हरेक वर्ष वन्यजन्तुको चोरी सिकारी र तस्करी बढ्दो छ । वन्यजन्तु मारिने क्रम जारी छ । नेपाल पनि यस्तो अवस्थाबाट मुक्त छैन । पर्यावरण चक्रमा संसारका सबै प्राणीको आफ्नै विशिष्टतम महत्व छ । र, तिनको सुरक्षा गर्नु आजको आवश्यकता हो ।**

**जैविक विविधताकै आधारमा पृथ्वी र यहाँका हरेक प्राणी र वनस्पतिको अस्तित्व रहने हुँदा त्यसको संरक्षण गर्नु मानवको दायित्व हो । मानव जाति प्राणीमध्येको सर्वोच्च हुनुको अर्थले पनि अन्य प्राणीको संरक्षण गर्ने दायित्व मानव कै हो । मानव सामाजिक र बौद्धिक प्राणी पनि हो, त्यसैले विश्वमा रहेका सम्पूर्ण जंगली जनावर र रुखबिरुवाहरुको बारेमा सचेतना जागृत गराउँदै तिनको संरक्षण र सम्वर्द्धन गर्ने पहलकदमी गर्न हाम्रो भूमिका हुनु पर्दछ । प्रकृतिको अनुपम वरदान नै हुन् वन्यजन्तु । पारस्थितकीय सन्तुलन कायम राख्न यिनीहरुको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ । तर यतिबेला मानव र वन्यजन्तुकाबीच द्वन्द्व चलिरहेको छ । यो अत्यन्त दुखको कुरा हो । उनीहरुको वासस्थल प्रत्येक दिन अतिक्रमणको चपेटामा पर्दैछ । जति-जति वनजंगल अतिक्रमणमा पर्छ त्यति-त्यति वन्यजन्तुको अस्तित्व संकटमा पर्दै जान्छ । नङ र मासु सरहको वन र वन्यजन्तुको सम्बन्ध र यी दुबैसँग मानव जातिको अस्तित्व जोडिएकाले त्यसको संरक्षणमा जनतादेखि राज्यसम्म लाग्न आवश्यक छ । यसो गर्न सकियो भने मात्र हरेक वर्ष मनाइने विश्व वन्यजन्तु दिवसको सार्थकता रहन्छ ।**

## Opinion @ Social Network

खुसी त्यही व्यक्तिलाइ प्राप्त हुन्छ, जो अरुको खुसी चाहान्छ ।

*(मादवशर्मा डुर्मेको फेसबुक पेजको स्टाटस https://www.facebook.com/madhav.sharma)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# तानसेनको इतिहास बचाउने पहल



**श्री प्रसाद देवकोटा**

> ***प्रतिवेदन हस्तान्तरणका अवसरमा सम्वद्ध वडा १-६ का वडाअध्यक्षहरु, ती वडाका टोल विकास संस्थाका प्रतिनिधिहरु, पर्यटन सम्वद्ध संस्था तथा व्यक्तित्वहरु, संस्कृति सम्वद्ध संस्थाका प्रतिनिधिहरु, कलेज र क्लवका मुख्य व्यक्तिहरु, विभिन्न सामाजिक संघ संस्थाका प्रतिनिधिहरु, सञ्चार क्षेत्र सम्वद्ध संस्थाका प्रतिनिधि, सञ्चारकर्मी, नागरिक समाज, नगरपालिकाका सल्लाहकार, तानसेन नगर प्रज्ञा प्रतिष्ठानका प्रतिनिधिहरु, सम्पद्धा संरक्षणमा चासो राख्ने युवाहरु, संघीय सांसद, प्रदेश सभा सदस्य, निजी क्षेत्र सम्वद्ध संघ संस्थाहरु, नपाका सम्वद्ध क्षेत्रका कर्मचारी तथा नगर प्रमुख र उपप्रमुख, तानसेन गुठी काठमाडौं र पाल्पा एवं पाल्पा सरोकार समाजका सदस्यहरु, केइसी कलेजका प्रतिनिधि लगायत झण्डै एक सय जनाको उपस्थिति रहेको थियो । प्रतिवेदनको अन्तिमरुप केइसी कलेजका विद्यार्थीहरुबाट भएको थियो भने त्यस प्रतिवेदनको प्राविधिक पक्षमा तानसेन गुठीका आ.राहुल बज्राचार्य, आ.सरिता मास्के र आ.देवेन्द्रनाथ गोंगलद्धारा आ-आफ्ना धारणा राखेका थिए । समारोहमा प्रतिवेदनलाई अब नगरपालिकाद्धारा सबै वडा समावेश गरी सम्पदा संरक्षण गुरुयोजना बनाउन, आवश्यक संरक्षण र व्यवस्थापनका लागि विभिन्न कार्यविधि निर्माण गर्न र सो सम्पन्न भए पश्चात लगानीका लागि सम्भाव्य क्षेत्रमा समन्वय गर्ने बारे चर्चा गरिएको थियो ।***

गत हप्ता तानसेन नगरपालिकामा तानसेन बजारको स्वरुप, प्रकृति र माग अनुरुप सुहाउँदो कार्यक्रम सम्पन्न भयो । प्रारम्भमा तानसेन बजारको अत्यन्त महत्वपूर्ण टोलको रुपमा रहेको टक्सार टोलमा विद्यमान् ऐतिहासिक र सांस्कृतिक महत्वका सम्पदा एवं अधिकांश टोलवासीसँग रहेका अत्यन्त पुराना धातुका वस्तु तथा उनीहरुले मनाउने संस्कार, परम्परा लगायतको नियमित प्रदर्शनका लागि टक्सार महोत्सवको आयोजना गर्ने अवधारणाबाट प्रारम्भ भएको बजारका केही टोलहरुको सम्पदाका आँखाबाट हेर्न वास्तुकला अध्ययन गराइएको थियो । यस अध्ययनले भिमसेनटोल, नारायणटोल, मखनटोल, सिलखानटोल, भगवतीटोल, टक्सारटोल र बसन्तपुरटोल एवं दरवार परिसरलाई लक्षित गरिएको थियो । यो समय र अध्येताहरुको सख्याको सिमितताले सम्पूर्ण नपाका वडा वा अन्य विशेष क्षेत्रहरु समेट्न सकिएको थिएन । बाँकी रहेका क्षेत्र समेटेर नपाले अध्ययन गराउने अपेक्षा गरिएको छ ।

तानसेन नगरपालिकाको संस्थागत तथा नगरप्रमुखको व्यक्तिगत एवं तानसेन गुठी काठमाडौंको आर्थिक सहयोगमा यो अध्ययन सम्पन्न गरी अन्तिम प्रतिवेदन हस्तान्तरण भएको छ । यस कार्यमा काठमाडौं इञ्जिनियरिङ कलेज काठमाडौंका स्नातक तह अन्तिम सेमेष्टरका छ्यालिस जना विद्यार्थीको सहभागिता थियो भने अवधारणा निर्माण एवं उल्लेखित तीनै पक्षहरुको संयोजन गर्ने कार्य पाल्पा सरोकार केन्द्रद्धारा भएको थियो । प्रतिवेदन हस्तान्तरणका अवसरमा सम्वद्ध वडा १-६ का वडाअध्यक्षहरु, ती वडाका टोल विकास संस्थाका प्रतिनिधिहरु, पर्यटन सम्वद्ध संस्था तथा व्यक्तित्वहरु, संस्कृति सम्वद्ध संस्थाका प्रतिनिधिहरु, कलेज र क्लवका मुख्य व्यक्तिहरु, विभिन्न सामाजिक संघ संस्थाका प्रतिनिधिहरु, सञ्चार क्षेत्र सम्वद्ध संस्थाका प्रतिनिधि, सञ्चारकर्मी, नागरिक समाज, नगरपालिकाका सल्लाहकार, तानसेन नगर प्रज्ञा प्रतिष्ठानका प्रतिनिधिहरु, सम्पद्धा संरक्षणमा चासो राख्ने युवाहरु, संघीय सांसद, प्रदेश सभा सदस्य, निजी क्षेत्र सम्वद्ध संघ संस्थाहरु, नपाका सम्वद्ध क्षेत्रका कर्मचारी तथा नगर प्रमुख र उपप्रमुख, तानसेन गुठी काठमाडौं र पाल्पा एवं पाल्पा सरोकार समाजका सदस्यहरु, केइसी कलेजका प्रतिनिधि लगायत झण्डै एक सय जनाको उपस्थिति रहेको थियो ।

प्रतिवेदनको अन्तिमरुप केइसी कलेजका विद्यार्थीहरुबाट भएको थियो भने त्यस प्रतिवेदनको प्राविधिक पक्षमा तानसेन गुठीका आ.राहुल बज्राचार्य, आ.सरिता मास्के र आ.देवेन्द्रनाथ गोंगलद्धारा आ-आफ्ना धारणा राखेका थिए । समारोहमा प्रतिवेदनलाई अब नगरपालिकाद्धारा सबै वडा समावेश गरी सम्पदा संरक्षण गुरुयोजना बनाउन, आवश्यक संरक्षण र व्यवस्थापनका लागि विभिन्न कार्यविधि निर्माण गर्न र सो सम्पन्न भए पश्चात लगानीका लागि सम्भाव्य क्षेत्रमा समन्वय गर्ने बारे चर्चा गरिएको थियो । प्रतिवेदनको सार छ, 'तानसेन मध्यकालिन शहर संरचनामा बनेको र यहाँका ती संरचनाहरु तानसेन नगरको सम्पदा वा सम्पति भएकाले संरक्षण गर्दै व्यवस्थित उपयोग नीति बनाउन सके तानसेनको आर्थिक सामाजिक रुपान्तरण हुने छ । यहाँका पुराना घर संरचना र अन्य मूर्त अमूर्त सम्पदाका आफ्नै मौलिक विशेषता रहेको र यही विशेषताले तानसेनलाई समृद्ध एवं सवलताको आधार बनाएको छ ।' हुन त प्रतिवेदनले सुझाएका पक्षहरु पूर्ण होइनन् तर कुन सम्पदालाई कसरी संरक्षण र सम्वर्द्धन गर्दा बहुउपयोगी बन्न सक्छन् र तानसेनको आकर्षण र आयलाई समेत मद्धत गर्न सक्छन् भन्ने पक्षबाट हेर्न सकिने बताएको छ । संरक्षणका लागि आवश्यक व्यवस्था र कदम अनि सम्पदाको स्वरुप र प्रकृतिको जीवन्तता एवं महत्वका पक्षबाट हेर्ने प्रयत्न प्रतिवेदनले गरेको देखिन्छ । तानसेनको वास्तुकलाका हिसावले अध्ययन गर्न गरिएको अनुरोधमा देखापरेको स्वस्फूर्त चासो र सहभागिताले एउटा सन्देश दिएको छ । त्यो हो तानसेनको रुप परिवर्तन गर्न र वास्तविक तानसेन पहिचानगरी कदम चाल्ने हरेक पहलमा संस्था मात्र होइन व्यक्तिहरु पनि सक्रिय सहभागिता जनाउने रहेछन् भन्ने उदारण स्थापित हुन सक्दो रहेछ । यो अध्ययनका लागि वित्तिय श्रोत व्यवस्थापनका लागि तानसेन गुठी समक्ष प्रस्ताव राख्दा संस्था भन्दा पहिले त्यस संस्थामा रहेका केही व्यक्तिहरु आफ्नो तर्फबाट नगद सहयोग गर्ने प्रस्ताव राखेको पक्ष अत्यन्त महत्वपूर्ण हो । यो प्रस्तावले तानसेन गुठीलाई आर्थिक भार कम पर्न गयो । यसैगरी तानसेन नगरपालिकाको समेत साझेदारीको अपेक्षामा नगर प्रमुखले आफू व्यक्तिगत सहयोग गर्न तयार भएको बाट नगरपालिकालाई पनि पर्ने आर्थिक भार कम पर्न गयो । सायद यो अभ्यास सार्वजनिक निजि साझेदारीको अभ्यासको परिभाषामा पर्न जान्छ । यसबाट प्रस्ट हुन्छ राम्रो कामको लागि गरिने प्रस्ताव स्विकार हुन्छ र त्यस्ता पहलमा साझेदारीको सम्भावना रहन्छ । चार लाखको हाराहारीमा खर्च गरिएर गरिएको यो प्राविधिक अध्ययन नगर प्रमुखको मूल्याकंनमा ५० लाख भन्दा बढीको भार बोकेको छ । यसैगरी बर्षौंदेखि तानसेनको सम्पदा पहिचानमा तानसेन गुठीले हाल सम्म गरेको लगानी भन्दा यो सहभागिताले कैयौं गुणा प्रभावकारिता देखाएको गुठी सम्वद्धहरुको अभिव्यक्तिबाट बुझ्न सकिन्थ्यो । यो पनि सबैका लागि एउटा नविन उत्प्रेरक र रचनात्मक सन्देश दिने सकारात्मक उदाहरण हुन सक्छ ।

अध्ययनको अर्को सकारात्मक पक्ष के थियो भने यसले सहभागिहरुलाई तानसेनको भिजुअलाइज गराएको अनुभव गर्न सकिन्छ । किनकी सहभागीहरुद्धारा व्यक्त अभिव्यक्तिहरु थिए यो कार्यान्वयन गरियो भने तानसेनको रुप रंग नै फेरिनेछ । सायद यसै पक्षले निर्देश गरेका कारण हुन सक्छ यसलाई कार्यान्वयन पक्षमा यथाशक्य चाडौ लैजाऔं भन्ने चाहाना व्यक्त गर्न मनद्धारा निर्देश भएको थियो बुझ्न सकिन्छ । देखिने सम्पदा मात्र महत्वका हुँदैनन्, नदेखिने (अमूर्त वा अभौतिक) सम्पदाहरु झनै महत्वपूर्ण हुन्छन् । यस्ता सम्पदाको नाश हुने सम्भावना बढी हुनाले त्यस्ता सम्पदाको अभिलेखीकरण र प्रवर्द्धनको आवश्यकता झनै जरुरी देखिन्छन् भन्ने सन्देश समेत यस अध्ययनबाट प्राप्त भएको छ । यसर्थ सम्पदाको संरक्षण बारे छलफल गर्दा नागरिक समाजको संलग्नता जरुरी रहन्छ । समाज यसप्रति सचेत र संवेदनशिल भएन भने अभौतिक सम्पदाहरुको नास हुने क्रमले तिव्रता पाउने देखिन्छ । यसका लागि नागरिक समाजबाट स्वस्फूर्त संरक्षण अभियान चलाइनुपर्दछ भन्ने चर्चासमेत भयो । यस्तो चर्चालाई अर्को महत्वपूर्ण पक्षका रुपमा लिइएको छ ।

उल्लेखित सकारात्मक पक्षहरुले आफ्नो स्थान विशेषको विकासका लागि सर्वपक्षिय सहभागिता र सक्रियताको आवश्यकता रहन्छ । यस कार्यमा स्थानीय तह, नीजि क्षेत्र र नागरिक समाजद्धारा गहिरो मननसँगै निरन्तर सम्वाद अन्तर्क्रिया र कार्यक्रम एवं कार्यान्वयनका लागि कार्ययोजनाहरुको समिक्षा गर्न जरुरी देखिन्छ । तानसेन इतिहास, संस्कृति , सम्पदा र प्रकृतिको उत्कृष्ट सम्मिलन सहितको बरदान हो । यसको उचित र प्रभावकारी व्यवस्थापन र परिचालन या उपयोगले नै तानसेन मात्र होइन पाल्पाकै समृद्धिको ढोका खोल्नेछ । फराकिलो चिन्तन, दृढ इच्छाशक्ति र समन्वयात्मक सहभागितामूलक साझेदारीताको माध्यमबाट यो हासिल हुन सक्छ । यसका लागि तानसेन बनाउँछु वा बनाउछौं वा हामीलाई परिवर्तन चाहिएको छ र त्यो परिवर्तन हामी गर्न सक्छौं भन्ने संकल्प सहितको क्रियाशिलता जरुरी छ । अध्ययनबाट प्राप्त यो सन्देशलाई मनन गरीं अगाडि बढौं । तानसेनको भविष्य हाम्रै सोच र सक्रियतामा निर्भर छ ।

***(लेखक पाल्पा सरोकार समाजका अध्यक्ष समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पिटल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : अनावश्यक खर्चबाट जोगिने प्रयास गर्नुहोस्। नाम र ईनाम दिलाउन सक्छ। | **तुला** : परिस्थिति अनुरूप निर्णय लिने प्रयास गर्नुहोला। |
| **वृष** : विद्यार्थीहरूलाई उच्च शिक्षामा नयाँ अवसरहरू मिल्नेछ । | **वृश्चिक** : रचनात्मक कार्यमा सफलता मिल्नेछ । कार्यक्षेत्रमा साथ मिल्नेछ। |
| **मिथुन** : नोकरी वा पेशामा सहयोगीहरूले भनेजस्तो सहयोग नदेलान्। | **धनु** : कार्यक्षेत्रमा पिताको सहयोग प्राप्त होला । व्यर्थको वाद विवादबाट बच्नुहोस्। |
| **कर्कट** : नोकरी वा पेशामा सहयोगीहरूले भनेजस्तो सहयोग नदेलान्। | **मकर** :शुभचिन्तकहरूको साथ पाइनेछ। चिताएको कार्य नहुन सक्ला। |
| **सिंह** : प्रेम सम्बन्ध सुमधुर रहनेछ । साझेदारी व्यापारबाट लाभ मिल्नेछ। | **कुम्भ** : पशुपालन वा कृषिबाट लाभ प्राप्त गर्न सकिनेछ। |
| **कन्या** : प्रतिष्ठित कार्यको अवसर मिल्नेछ। व्यापार व्यवसायमा लाभ रहनेछ। | **मीन** : पारिवारिक सद्भाव बढ्नेछ। विद्यार्थीहरूको पठनपाठनमा मन लाग्नेछ। |

# शिक्षा

## आधारभूत विद्यालयमा मगर भाषा अध्यापन



**वालिङ (स्याङ्जा),** बिरुवा गाउँपालिका-४ स्थित जनप्रिय पिपलभञ्ज्याङ आधारभूत विद्यालयमा मगर भाषा पठनपाठन हुन थालेको छ ।

मगर भाषा, कला, संस्कार, संस्कृतिको संरक्षण गर्ने उद्देश्यले विद्यालयमा नै मगर भाषा पठनपाठन थालिएको हो । हाल कक्षा १-३ सम्मका बालबालिकालाई मगर भाषा अध्यापनको व्यवस्था मिलाइएको विद्यालयका प्रधानाध्यापक वीरेन्द्र कुमालले बताए । बाल सिकाइ कक्षादेखि ५ कक्षासम्म सञ्चालनमा रहेको विद्यालयमा कक्षा एकदेखि तीनसम्मका बालबालिकालाई मगर भाषा अध्यापन थालिएको हो । मगर समुदायको बाहुल्य भएकाले नयाँ पुस्तालाई यो भाषा लेख्न र बोल्न सिकाउने अभियान आफूहरुले थालेको मगर भाषा शिक्षक लेखबहादुर आलेले बताए । सरकारले प्रकाशन गरेको मातृभाषाको पाठ्यपुस्तकका आधारमा पठनपाठन हुने गरेको छ । मगर भाषा अध्यापनका लागि बिरुवा गाउँपालिकाले शिक्षकको व्यवस्था गरेको हो । पालिकाले चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा आदिवासी जनजातिको बाहुल्य भएका गाउँपालिकामा उनीहरुका भाषा तथा संस्कृति संरक्षणमा सघाउने विषय समावेश गरेको छ । -रासस

## पठन मात्रामा उमेर वृद्धिको प्रभाव

**शीतल गिरी**

अन्य रुचिहरूजस्तै पठनरुचि पनि व्यक्तिको पठनसम्बन्धी मन पर्ने-नपर्ने तथा पठनकार्यमा सक्रियता सम्मिलित हुने तीव्र आकांक्षासँग सम्बद्ध छ । पठनरुचिको सम्बन्धमा विचारगर्दा मुख्यत: दुईकुरोमा ध्यानदिनु पर्दछ– पठन मात्रा र पठन प्रकार । पठनको साधारणत: तीन प्रकार हुन सक्दछ– समाचारपत्र पठन, पत्रिका पठन र पुस्तक पठन । पाठकहरूको पठन रुचिलाई सामान्य रुपले र उपन्यास पठनरुचिमा विशेष रूपले विचार गर्नु अपेक्षित छ । पठनरुचिमा थुप्रै आन्तरिक र बाह्य हेतुहरूको प्रभाव पर्नु स्वभाविक हो ।

कुनै व्यक्ति कुनै वस्तुलाई किन मन पराउँछ, यसको उत्तर तत्काल दिन अत्यन्त कठिन छ । जब हामी कुनै लेखकको कुनै कृतिको प्रशंसा गर्दछौं त हामी सामान्यत: त्यसको रचनाशक्तिको त्यति प्रशंसा गर्दैनौं, जति उसको यस विशेषताको, कि त्यस लेखकले कसरी हाम्रो मस्तिष्कमा पहिलेदेखि विद्यमान भावनाहरू, विचारहरू र अर्धसपनाहरूलाई साकार बनाइदियो । भावनाहरू र विचारहरूको बारेमा हामीलाई नगन्य रुपमा मात्र ज्ञात हुने गर्दछ, यसकारण यसलाई अमूर्त भनिन्छ । यदि हामी कुनै पुस्तकमा व्यक्त भावहरू र विचारहरूलाई चिन्न सक्यौं भने त हामीमध्ये कोही फरक रहने छैन । काव्यग्रन्थहरूको विशेषता यो हुने गर्दछ कि तिनीहरूले हामीलाई नयाँ सूचनाहरू त्यति दिँदैनन् जति हाम्रो मनमा पहिलेदेखि विद्यमान भावनाहरू, धारणाहरू, विचारहरू र अस्पष्ट सपनाहरूलाई साकार पार्दछ । यदि यस्तो कुरो न हुँदो हो त कुनै पुस्तक पढेर हाम्रो भावनाहरूमा कुनै प्रतिक्रिया हुने थिएन । अब प्रश्न उठ्दछ कि हाम्रा भावनाहरू र विचारहरूमा कुन हेतुहरूको प्रभाव पर्दछ । व्यक्तिको पठनरुचिको स्वरुप पनि उमेर, लिङ्ग, आर्थिक र पारिवारिक स्थिति, बौद्धिक र शैक्षणिक स्तर, पेशा, निवासस्थान तथा आवेष्टनगत हेतुहरूद्वारा निर्धारित हुन्छ । यी हेतुहरू न केवल व्यक्तिको पठन प्रकारलाई, बरु उसको पठन मात्रालाई पनि, प्रभावित पार्दछ, सामान्यत: मानिसहरूमा यो धारण प्रचलित छ कि उमेर वृद्धिको अनुसार व्यक्तिको रुचिमा स्पष्ट परिवर्तन हुन्छ । उमेर वृद्धिको साथ रुचिहरूमा परिवर्तनको प्रवृत्ति त्यति धेरै देखा पर्दैन, जति विभिन्न किसिमको रुचिहरूमा विभिन्नता देखापर्दछ । एडवर्ड के.स्ट्रौंग नामक मनोवैज्ञानिकले लेखेका छन् कि '२५ वर्षको उमेरसम्म एउटा युवक जे बन्नु पर्ने हो, बन्दछ । यहाँसम्म कि २० वर्षको अवस्थामा नै ऊ ती सबै रुचिहरूलाई आफूमा विकास गरिसक्दछ, जसलाई ऊ आफ्नो प्रौढावस्थामा अपनाएको पाइन्छ ।' प्रौढावस्था या वृद्धावस्थामा व्यक्तिमा नवीन रुचिहरूको विकासको सुविधाहरू र व्यक्तिको मूल प्रेरक शक्तिहरूमा कुनै महत्वपूर्ण परिवर्तन घटित भैजाओस् । कहिलेकाहीं वृद्धावस्थामा मानिस चित्रकला, संगीत वा पठनमा अत्यधिक रत भएको पाउँदछौं, जबकि प्रौढावस्थामा यी विषयहरूमा उसको अलिकति पनि थिएन । तर यसको अर्थ यो होइन कि ती व्यक्तिहरूको वृद्धावस्थामा ती रुचिहरूको उदय हुने गर्दछ ।

वृद्धावस्थामा जब उसले अवकाश पाउँदछ तब उसले आफ्नो अपूरित रुचिलाई सक्रियता प्रदान गर्ने प्रयास गर्दछ । रुचिमा द्रुततम स्थानान्तरणको काल किशोरावस्था हो, जबकि व्यक्तिको शारीरिक र मानसिक बनावटमा सुस्पष्टतम् परिवर्तन हुने गर्दछ । प्रौढावस्थामा व्यक्तिले थुप्रै प्रकारको उत्तरदायित्व सम्हाल्नुपर्दछ । परिणामस्वरुप ऊ आफूलाई ती मनोरञ्जनहरूमा सीमित गर्दछ, जसबाट उसले सर्वाधिक सन्तोष प्राप्त गर्नेमात्र होइन, बरु जो समय र अर्थको दृष्टिले पनि उसको लागि सर्वाधिक व्यावहारिक हुने गर्दछ । सांस्कृतिकता या उपवेशनात्मक रुचिहरूमा पठनको स्थान सर्वोपरि छ, किनभने एकातिर त यसलाई एकान्तमा, बिना कुनै सहयोगको अपेक्षा गरेर, सम्पन्न गर्न सकिन्छ, र अर्कोतिर, यसमा वैविध्यको लागि पर्याप्त गुंजाइश छ । उमेरको प्रभाव पठनरुचिमा– पठनको मात्रा र प्रकार दुवैमा– देखा पर्दछ । उमेर वृद्धिको साथमा सांस्कृतिक मनोरञ्जनहरूको, जसमा पठन प्रधान छ,प्रमुखता पाउने गर्दछ । शैशवावस्थामा, व्यक्तिमा, पढ्नेरुचि त अवश्य हुन्छ, पत्रिकासम्बन्धी पठनरुचिको विकास समुचित रुपमा गर्न सक्दैन । यसको प्रमुख कारण औसत नेपाली परिवारको निर्धनता हो । नेपालका धेरै कम परिवार समाचारपत्र किन्न सामर्थ छन् । अर्को कारण भारतीय समाचारपत्र सस्तो र धेरै प्रचलन पनि छ । जहाँसम्म किशोरहरूको पुस्तकपठन रुचिको प्रश्न छ, यो सहजै भन्न सकिन्छ कि किशोर कथानक पुस्तकहरू पढन विशेष गरेर मनपराउँछन् ।

किशोरहरूमा रोमांस, साहसिकता, शक्तिशाली चरित्रचित्रण, मन:कल्पना र सामाजिक जागरुकता प्रधान कथावस्तु भएको विशेष लोकप्रिय हुन्छ । यसकथनको पुष्टि मनोवैज्ञानिक अनुसंधानहरूले पनि गरेका छन् । फ्रेंच मनोवैज्ञानिक लेवी ब्रूल ओदेनले आफ्नो लेख (किशोरहरूको पठनरुचि) नामक निबन्धमा, जो (इन्फेन्स) नामक पत्रिकाको पाँचौं अंकमा, १९५७ ई.मा नै, प्रकाशित गराएका थिए, त्यसमा किशोरहरूको पठन रुचिहरूको विस्तृत अध्ययन सामग्रि प्रस्तुत गरेका छन् । यस अध्ययनपछि यो निष्कर्षमा पुगे कि सामाजिक उपन्यास किशोरहरुद्वारा सर्वाधिक मन पराइन्छ । कलाकुञ्ज पुस्तकालय गौरको रेकर्ड, साथै बर्सेनि गरिँदै आएको पुस्तक प्रदर्शनीको रेकर्डबाट पनि किशोरहरूले प्राय: कथानक पुस्तकहरू पढ्ने गरेको पुष्टि हुन आएको छ ।

किशोर पाठकहरूले पढ्ने गरेका पुस्तकहरूमा कथावस्तु भएको पुस्तक अग्रपङ्क्तिमा रहेको छ । किशोरहरूमा प्रेम र रोमान्सप्रधान, उत्तेजनाप्रधान, साहसप्रधान तथा सामाजिक विषयहरूको चित्रण गर्ने कथाहरू विषेश लोकप्रिय हुने गर्दछ । तिनीहरू यस बाहेक धार्मिक पुस्तकहरू, चाहे त्यो कथाको नै किन नहोस्, मन पराउँदैनन् । -हाम्राकुरा डटकम

### डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक
**डिभिजन वन कार्यालय**
तानसेन, पाल्पा

## दुई महिनापछि खुले मुस्ताङका विद्यालय, शैक्षिक सत्र सच्याउन माग




मुस्ताङका सामुदायिक विद्यालयमा पठनपाठन सुरुआत भएको छ । दुई महिना हिउँदे बिदापछि जिल्लाका बारागुङ, घरपफोङ र थासाङ गाउँपालिकाका विद्यालय पुन: सञ्चालनमा आएका हुन् । हिउँदयामको पुस र माघ महिनामा हिमपात र अत्यधिक चिसोले बालबालिकाको शिक्षण सिकाइ क्रियाकलाप प्रभावित हुने तल्लो मुस्ताङका सामुदायिक विद्यालयले विद्यार्थीलाई लामो हिउँदे बिदा दिने गर्दछन् ।

हिउँदयाममा स्थानीय तहका विद्यालयलाई दुई महिना लामो हिउँदे जाडो बिदा दिने गरिन्छ । उपल्लो मुस्ताङको लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकाअन्तर्गतका सामुदायिक, गुम्बा, आमची र संस्थागत विद्यालय भने हिउँदयाममा साविक स्थान छाडेर बेँसीमा झारिने शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख रामेश्वर लामिछानेले जानकारी दिए । जिल्लामा ३५ सामुदायिक विद्यालय छन् । गुम्बा, आमची र संस्थागत गरी १२ विद्यालय सञ्चालनमा छन् । जिल्लाका ४७ विद्यालयमध्ये घरपफाङ, थासाङ र बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका २४ विद्यालयले बर्सेनि हिउँदे बिदा दिने गरेका छन् । यसरी दुई महिना लामो हिउँदे जाडो बिदा दिएका विद्यालयले फागुनको पहिलो सातादेखि क्रमश: शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिने गर्दछन् । जिल्लामा दुई महिना लामो हिउँदे बिदाका लागि ४५ दिन वार्षिक सरकारी बिदा र १५ दिन सट्टा बिदा गरी ६० दिन विद्यालयको शैक्षिक पठनपाठन स्थगित गरिने जनाएको छ । जिल्लाका तीन स्थानीय तहका सामुदायिक विद्यालयहरू फागुनदेखि क्रमश: शैक्षिक पठनपाठन सञ्चालनमा आएको शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख लामिछानेले जानकारी दिए । उनका अनुसार विद्यालय खुले पनि जिल्ला बाहिर रहेका विद्यार्थी विद्यालय फर्किन थालेका छन् । घरपफोङ, थासाङ र बारागुङ मुक्तिक्षेत्रका अधिकांश सामुदायिक तथा धार्मिक गुम्बा विद्यालयहरूमा शैक्षिक पठनपाठन सुरु भएको एकाइ प्रमुख लामिछानेको भनाइ छ । उनका अनुसार जिल्लाका तीन स्थानीय तहका विद्यालय हिउँदयामको पुस र माघमा विद्यालय पूर्ण रूपमा बन्द हुने भए पनि उपल्लो मुस्ताङका विद्यालयले विद्यार्थीलाई हिउँदे बिदा दिँदैनन् ।

उपल्लो मुस्ताङका विद्यालयले स्थानीय गाउँपालिकाको सिफारिसमा विद्यार्थीलाई घुम्ती कक्षा चलाउन बेँसी स्थान्तरण गर्ने प्रचलन छ । चिसोले बालबालिकाको स्वास्थ्यमा असर पर्ने विद्यालयको शैक्षिक क्रियाकलाप सञ्चालन गर्नसमेत बाधा पुग्ने भएकाले उपल्लो मुस्ताङका विद्यालयहरूले विद्यार्थीलाई पोखराका विभिन्न स्थानमा लगेर शैक्षिक क्रियाकलाप गर्ने गर्छन् । उपल्लो मुस्ताङका विद्यालय जाडो छल्दै घुम्ती कक्षा चलाउन कात्तिकअगावै बेँसीको न्यानो स्थानमा स्थान्तरण गर्ने प्रचलन रहेको लोमान्थाङ गाउँपालिकाका प्रशासन प्रमुख विकास केशीले जानकारी दिए । यसैगरी उपल्लो मुस्ताङको लोघेकर दामोदरकुण्ड गाउँपालिकाका आठ सामुदायिक विद्यालयमध्ये सात विद्यालयलाई जाडो छल्न बेँसी झारिएको थियो । गाउँपालिकाको घमी आधारभूत विद्यालय भने जाडो छल्न बेँसी नझरी दुईमहिने हिउँदे बिदा दिएको थियो । घमी आधारभूत विद्यालय हिउँदे बिदापछि सञ्चालनमा आएको र बाँकी सात सामुदायिक विद्यालयले घुम्ती कक्षाका रूपमा बेँसीमै रहेको गाउँपालिका अध्यक्ष लोप्साङ छोम्फेल बिष्टले जानकारी दिए । लोघेकरका विद्यालय आपसमा अस्थायी मर्ज गरी दुई स्थानमा घुम्ती कक्षा सञ्चालनमा रहेको अध्यक्ष बिष्टले बताए । तल्लो मुस्ताङका विद्यालय दुईमहिने लामो बिदापछि खुले पनि उपल्लो मुस्ताङका विद्यालय भने गर्मीयाम लागेपछि वैशाखमा साविककै स्थानमा फर्किएर शिक्षण सिकाइ क्रियाकलापलाई नियमित गर्छन् । सरकारले गत वर्षदेखि देशभर शैक्षिकसत्रमा एकरुपता ल्याएपछि हिमाली जिल्लाको शैक्षिक क्रियाकलापमा अप्ठ्यारो पर्दै आइरहेको छ । यसअघि हिमाली जिल्लामा पुसअगावै चालु शैक्षिकसत्र सकेर फागुनमा नयाँ शैक्षिकसत्रको पठनपाठन सुरु गर्ने गरिन्थ्यो । शैक्षिकसत्र एकरुपताले हिमाली क्षेत्रमा पढ्ने विद्यालयका बालबालिकाको शिक्षण सिकाइ क्रियाकलापमा बाधा पुग्ने गरेको जनहित माध्यमिक विद्यालयकी व्यवस्थापन समिति सदस्य सम्झना थकालीको भनाइ छ । सरकारले हिमाली क्षेत्रको शैक्षिकसत्र कार्यान्वयमा पुनर्विचार गर्नुपर्ने आवश्यकता रहेको उनको भनाइ छ । -रासस

## अनाथ बालबालिकालाई आवासीय सुविधासहित नि:शुल्क शिक्षा



गोरखा, बारपाक सुलिकोट गाउँपालिकाले आफ्नो कार्यक्षेत्रका अनाथ बालबालिकालाई आवासीय सुविधासहित नि:शुल्क पठनपाठनको व्यवस्था मिलाएको छ ।

गाउँपालिका-६ स्थित बाह्रकोटमा मनास्लु छात्रावास सञ्चालनमा गरेर अभिभावकविहीन बालबालिकालाई खानेबस्ने व्यवस्थासहित नि:शुल्क पठनपाठनको प्रबन्ध गरिएको गाउँपालिका अध्यक्ष विष्णुप्रसाद भट्टले बताए । 'चालु शैक्षिकसत्रदेखि पालिकाभित्र विद्यालय जान नपाएका अभिभावकविहीन बालबालिकालाई नि:शुल्क खान, बस्न र पठनपाठनको व्यवस्था गरेका छौं', उनले भने,'अहिले १९ जना अनाथ बालबालिका गाउँपालिकाले सञ्चालन गरेको छात्रावासमा अध्ययनरत छन् ।' छात्रवासमा नौ जना छात्रा र १० जना छात्र छन् । उनीलाई कक्षा १२ सम्म नि:शुल्क शिक्षा दिइने जानकारी दिँदै पालिका अध्यक्ष भट्टले भने, 'बालबालिकाका लागि आवश्यक पर्ने केही लत्ताकपडा, किताबकापी, कलमलगायतका सामग्री इच्छुक दाताहरुबाट सहयोग लिने गरेका छौं ।' अनाथ बालबालिकालाई नि:शुल्क पठनपाठन तथा खानबस्नको व्यवस्थाका लागि गाउँपालिकाले चालु आर्थिक वर्षमा रु१२ लाख विनियोजन गरेको थियो । छात्रवासमा दुई जना महिला कार्यालय सहयोगी, छात्रवास सुरक्षाका लागि सुरक्षाकर्मी र एक जना निरीक्षकको पनि व्यवस्था गरिएको छ । -रासस

# आज विश्व वन्यजन्तु दिवस मनाइँदै




**पाल्पा,** फागुन १८/आज विश्व वन्यजन्तु दिवस, विभिन्न कार्यक्रम गरी मनाइँदै छ । विश्वमा पाइने सबै जङ्गली जनावर र रुख बिरुवाका बारेमा सचेतना जगाउन अनि तिनको संरक्षणका लागि हरेक वर्ष मार्च ३ तारिखमा यो दिवस मनाउने गरिएको हो ।

पछिल्लो समय वन क्षेत्रमा अतिक्रमण बढ्दै गएको छ भने वन्यजन्तुको चोरी सिकार रोक्न पनि चुनौती छ । यसले गर्दा वन्यजन्तु जोखिममा पर्न थालेका छन् । वन विनाशले वन्यजन्तुको बासस्थान साघुरिँदै गएको छ भने र आहाराको समेत अभाव हुन थालेको छ । आहाराको खोजीमा वन्य जन्तु मानव बस्तीमा प्रवेश गर्न थालेका छन् । यसले जनधनको क्षति बढाएको छ । वन्यजन्तुको संरक्षण भनेको मानवका दीर्घकालीन अवस्थितिको मुख्य आधार हो । तर, यसलाई नबुझ्दा मानव र वन्यजन्तुबीचको द्वन्द्व बढ्दो छ । नेपालमा दुर्लभ प्रजातिका धेरै जीवजन्तुको बास छ । तर, मानव अतिक्रमण र बासस्थान विनासले तिनको अस्तित्व लोप हुने हो कि भन्ने खतरा पनि छ । तिनको संरक्षण निम्ति पनि समाजमा जनचेतना जगाउनु जरुरी रहेको विज्ञले बताएका छन् । विश्व पर्यावरणको ईकोसिस्टममा हरेक प्राणीहरुको आ–आफ्नै महत्व र योगदान छ तसर्थ सबै प्राणिहरुको सुरक्षा आजको आवश्यता हो । मानव जीवनको दिर्घकालिन उपस्थितीका लागि पनि वन्यजन्तु र बिरुवाहरु सबैको रक्षा गर्न जरुरी छ । संयुक्त राष्ट्रको सदस्य राष्ट्र थाइल्याण्डको पहलमा सन् २०१३ को एक सम्मेलनमा जंगली जनावर तथा विरुवाको अन्तर्राष्ट्रिय व्यापार बारे बहस भएको थियो । यो बहसमा जंगली जनावर तथा विरुवाहरुको अन्तर्राष्ट्रिय ब्यापार विषयमा अनि संसारमा भएका ३५ हजारभन्दा बढी जनावर र विरुवाको प्रजाति संरक्षणको लागि एउटा कदम मात्र भएको भनेर निर्णय लिईएको थियो । यस बहसको निष्कर्षलाई सिटिज अर्थात् कन्भरसेसन अन इन्टरनेशनल ट्रेड इन इनडेन्जर इस्पेसिस भनेर नाम दिइएको थियो । आजको दिन ति लोप हुन सक्ने प्रजातिहरुको नियन्त्रणमा सिटिजको उत्साहपूर्ण योगदानलाई सम्झना गर्नुपर्ने दिन हो । विश्वको जैविक विविधता संरक्षणका लागि यस दिवसको विशेष योगदान रहनेछ । यो विश्व मानवको लागि मात्र हैन, यहाँ रहेका हरेक सजिव निर्जीव प्राणीहरुको यो विश्वमा मानवकै जतिको अधिकार छ । हामी एउटा सामाजिक र बौद्धिक प्राणी भएकाले यो कर्तव्य पनि हाम्रै हो ।

# अखिल छैठौं पाल्पाको तेस्रो भेला, अध्यक्षमा दर्लामी

**पाल्पा,** फागुन १८/राष्ट्रिय जनमोर्चा निकट अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (छैठौं) पाल्पाको तेस्रो जिल्ला भेला तानसेनमा भएको छ । अखिलले नयाँ नेतृत्व चयनसँगै संगठनलाई थप बलियो बनाएर लैजान भेला गरेको हो ।

भेलाको छैठौंका केन्द्रीय महासचिव पुरन पोखेलले उद्घाटन गरेका हुन् । कार्यक्रम उद्घाटन महासचिव पोखरेलले नेपालको शिक्षा प्रणाली सुधार गर्नुपर्ने बताएका छन् । उनले अहिलेको शिक्षा बेरोजगार उत्पादन गर्ने कारखाना मात्रै बनेको भन्दै त्यसलाई व्यवहारिक, जीवनपयोगी बनाउनु अहिलेको आवश्यक रहेको धारणा व्यक्त गरे । महासचिव पोखरेलले भने,‘नेपालको शिक्षा प्रणालीलाई नेपाली माटो सुहाउँदो बनाउनुपर्छ, हैन भने लाखौं विद्यार्थी लर्को लागेर विदेश पलायन हुने छन् ।’ उनले अहिलेकै अवस्थामा उच्च शिक्षा हासिल गर्नकै लागि हजारौ विद्यार्थी विदेशिएको र अर्बौं रकम बाहिरिएको अवस्थाले देशको अर्थतन्त्रमा नै समस्या उत्पन्न गराएको बताए । कार्यक्रममा राष्ट्रिय जनमोर्चाका केन्द्रिय सदस्य सोम कुमार कार्की, अखिल नेपाल ट्रेड युनियनका केन्द्रिय उपाध्यक्ष टिकाराम पौडेल, राष्ट्रिय जनमोर्चा पाल्पाका अध्यक्ष विशाल दर्लामी, अखिल नेपाल शिक्षक संघका प्रतिनिधि रुपचन्द्र थापा लगायतले मुलुक परिवर्तनका लागि विद्यार्थी संगठनको भूमिका महत्वपूर्ण रहेको बताए ।




उनीहरुले अहिलेको अवस्थामा मुलुकलाई सहि दिशामा लैजानुपर्ने अवस्था आएकाले त्यसमा विद्यार्थीहरु चनाखो भएर लाग्न आग्रह गरे । उनीहरुले पार्टीलाई बलियो बनाउन समेत विद्यार्थीहरुको सशक्त भएर लाग्नुपर्नेमा जोड दिए ।

**अध्यक्षमा दर्लामी**

यस्तै भेलाले ज्योती दर्लामीलाई अध्यक्षमा चयन गरेको छ । जसको उपाध्यक्षमा शुस्मिता गाहा, सचिव जानकी राना, सह-सचिव, मनिषा सिंजाली, कोषध्यक्षमा करिना चित्रे चयन भएको राष्ट्रिय जनमोर्चा पाल्पाका अध्यक्ष विशाल दर्लामीले जानकारी दिए । यस्तै सदस्यहरुमा अञ्जली फाल, युगेश सारु, अमृत गैरे, सञ्जु गैरे, अस्मिता चित्रे, यमु सिंजाली, सविता खाम्चा रहेका छन् । यस्तै भेलाले सल्लाहकार समेत चयन गरेको छ । जसमा अम्शु ठडराइ, खुमी पुलामी, शक्ति सिंजाली र शुस्मा आले रहेका छन् । ज्योती दर्लामीको अध्यक्षता, जानकी रानाको स्वागत, सुस्मिता गाहाको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

### फुटबल टोलीको मुख्य प्रशिक्षकमा म्याट रस नियुक्त



**काठमाडौं,** फागुन १८/अखिल नेपाल फुटबल संघ (एन्फा) ले अस्ट्रेलियाका म्याट रसलाई नेपाली पुरुष राष्ट्रिय फुटबल टोलीको मुख्य प्रशिक्षकमा नियुक्त गरेको छ । उनलाई एक वर्षको लागि प्रशिक्षक नियुक्त गरेको एन्फाले जनाएको छ ।

एन्फाका तर्फबाट महासचिव किरण राईले तर्फबाट सम्झौता पत्रमा हस्ताक्षर गरे । एशियन कप छनोट शुरु हुनु खेल झन्डै तीन साताको समय बाँकी रहँदा एन्फाले मुख्य प्रशिक्षक नियुक्त गरेको छ । एन्फाले रसलाई औपचारिक रूपमा आज नियुक्त गरे पनि पछिल्लो केही समयदेखि नेपालमै रहेका थिए । एन्फाले प्रशिक्षक नियुक्त गर्न झन्डै चार महिना अगाडि आवेदन खुला गरेको थियो ।

**वर्गिकृत डिस्प्ले**

***१X५ साइजमा मात्र***

**वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

**सम्पर्कः ०७५–५२०६०१**

## अर्थ/कर्पोरेट समाचार

# नेप्से उच्च अङ्कको वृद्धि



**पाल्पा,** फागुन १८/साताको पहिलो कारोबार दिन नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा उच्च अङ्कको वृद्धि भएको छ । आइतबार नेप्से परिसूचक ७५ दशमलव २४ अङ्कले बढेर दुई हजार आठ सय ९० को विन्दुमा कायम भएको छ । जुन दुई दशमलव ६७ प्रतिशतको वृद्धि हो ।

सो अवधिमा विभिन्न तीन सय दुई कम्पनीका दुई करोड ९१ लाख ६६ हजार छ सय ५६ कित्ता शेयर एक लाख ३९ हजार पाँच सय ९६ पटक खरिदबिक्री हुँदा १४ अर्ब २५ करोड चार लाख ७५ हजार सात सय ३६ बराबरको कारोबार भएको छ । कारोबारमा म्युचुअल फन्ड समूहको उपसूचक एक दशमलव २७ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक हरियाली छाएको छ । सबैभन्दा धेरै उत्पादन तथा प्रशोधन समूह चार दशमलव ७९, जीवन बीमा समूह चार दशमलव ३१, होटल तथा पर्यटन चार दशमलव २८ र वित्त समूह चार दशमलव २८ प्रतिशतले बढेको छ । बैंकिङ दुई दशमलव ५३, विकास बैंक तीन दशमलव ८८, जलविद्युत् एक दशमलव ९८, लगानी तीन दशमलव ०३, लघुवित्त एक दशमलव ३५, निर्जीवन बीमा तीन दशमलव ४१, व्यापार एक दशमलव ०६ र अन्य समूह एक दशमलव ५१ प्रतिशतले बढेको छ । हिमालयन डिस्टिलरी लिमिटेड, गार्डियन माइक्रोलाइफ इन्स्योरेन्स लिमिटेड र नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ ।

समाज लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा भने नकारात्मक सर्किट लागेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेडको रू ९७ करोड ५३ लाख ७७ हजार बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धेरै घलेम्दी हाइड्रो लिमिटेडको आठ लाख ७३ हजार पाँच सय ७६ कित्ता शेयर किनबेच भएको छ ।

## नसर्ने रोगहरुबारे जानकारी

**क्यान्सर, मुटु रोग, मधुमेह, दीर्घ श्वासप्रश्वास जस्ता नसर्ने रोगहरु लाग्नबाट बच्ने निम्न उपायहरु अपनाऔं र दीर्घजीवन यापन गरौं ।**
**जिल्लावासीहरुमा निम्न अनुरोध गर्दछौं :**

- चुरोट, बिडी, खैनी, गुटखा तथा सुर्तिजन्य पदार्थ सेवन नगरौं ।
- जाड ,रक्सी, वाइन, बियर आदि सेवन नगरौं ।
- दैनिक कम्तीमा आधा घण्टा पसिना आउने गरी हिड्ने व्यायाम खेलकुद तथा काम गर्ने गरौं ।
- शरीरको तौल बढी भए घटाऔं ।
- अन्न, दाल, गेडागुडी, दूध, माछा, बोसो नभएको मासु, अण्डा, हरियो सागपात, फलफूल सन्तुलित रुपमा खाने गरौं ।
- नुन दैनिक ५ ग्राम भन्दा कम खाने गरौं ।
- मानसिक तनाब कम गरौं ।
- चिल्लो र बोसोयुक्त खाद्य पदार्थ कम खाने गरौं ।
- नियमित रुपमा स्वास्थ्य परिक्षण गराऔं ।
- कुनै शरीरिक समस्या भए चिकित्सक तथा स्वास्थ्यकर्मीको सल्लाह अनुसार समुचित औषधीको प्रयोग गरौं ।

**अनुरोधक**
**स्वास्थ्य कार्यालय**
**तानसेन,पाल्पा**

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई